मिति २०७८/०३/२९ वैठक संख्याः ७२

आज मिति २०७८/०३/२९ गते बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

**बैठक संख्या ७२** **मितिः २०७८/०३/२९**

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी ................
२. आ.व. २०७८/०७९ को संशोधन सहितको बजेट स्वीकृत सम्बन्धमा ।
३. चालु आ.व.२०७७/०७८ को कार्यक्रम संशोधन र स्रोतान्तर सम्बन्धमा ।
४. देवघाट गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादित प्रशासनिक काम कारवाही तथा निर्णयहरुको अनुमोदन सम्बन्धि प्रस्ताव स्वीकृत सम्बन्धमा ।
५. निर्माण सामाग्रीको स्थानीय दररेट स्वीकृत सम्बन्धमा
६. गत वर्ष स्वीकृत O & M बमोजिम संस्थागत संरचना तथा कर्मचारी दरबन्दी निरन्तरता तथा विभिन्न प्रशासनिक निर्णय अनुमोदन सम्बन्धमा
७. संघीय सरकार तथा विभिन्न आयोजना/कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम तथा कर्मचारी व्यवस्थापनमा (पदपूर्ति) भएका निर्णय तथा करार सम्झौता अनुमोदन सम्बन्धमा ।
८. मालपोत कार्यालय तनहुँलाई प्रशासनिक तथा मसलन्द खर्च अनुदान भुक्तानी सम्बन्धमा ।
९. न्यायिक समिति कार्य सम्पादन अनुमोदन सम्बन्धमा ।
१०. सामुदायिक विद्यालयका शिक्षकहरुको सेवा सुविधा तथा तलवमान सम्बन्धमा ।
११. सामुदायिक विद्यालयका बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको तलवमान सम्बन्धमा ।
१२. गाउँपालिकाबाट नियुक्त बाल विकास केन्द्रका सहजकर्ताहरुको सेवालाई निरन्तरता दिने सम्बन्धमा ।
१३. विपदबाट क्षति भएका घर तथा संस्थाहरुलाई सहयोग अनुमोदन सम्बन्धमा ।
१४. आयोजना तथा कार्यक्रमको अध्ययन प्रतिवेदन स्वीकृत, कार्यान्वयन तथा भुक्तानी प्रक्रिया अनुमोदन सम्बन्धमा ।
१५. जिल्ला समन्वय समिति तनहुँलाई नदीजन्य अनुगमन तथा व्यवस्थापनमा खर्च अनुदान सम्बन्धमा ।
१६. आन्तरिक आय (राजश्व) र राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारमा पठाइएको देहाय बमोजिमको रकमलाई समेत अनुमोदन सम्बन्धमा ।
१७. संघ-संस्था सहकारीसँग कार्यक्रम सञ्चालनको लागि गरिएका कार्य प्रक्रिया सहित सम्झौता र कार्य सम्पन्नको आधारमा भुक्तानी गरिएको खर्च अनुमोदन सम्बन्धमा ।
१८. योजना तथा कार्यक्रम सञ्चालन गर्दाको कार्य प्रक्रिया तथा खर्च भएको/भुक्तानी गरिएको रकम अनुमोदन सम्बन्धमा ।
१९. शौर्य उर्जा प्रणाली जडान तथा वैकल्पिक उर्जा कार्यक्रम कार्यान्वयन गरिएको कार्य र भुक्तानीलाई अनुमोदन सम्बन्धमा ।
२०. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनका काम कारवाहीको स्वीकृत/अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।
२१. आ.व. २०७७/०७८ मा योजना तथा कार्यक्रमको भुक्तानी बाँकी सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णयहरु:**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।

२. आ.व. २०७८/०७९ को संशोधन सहितको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृतका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

३. देवघाट गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को कार्यक्रम संसोधन र स्रोतान्तर प्रस्ताव छलफल तथा पारित गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

४. देवघाट गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादित प्रशासनिक काम कारवाही तथा निर्णयहरुको अनुमोदनका लागि देहाय बमोजिमका विषयहरु गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

क) गाउँपालिका कार्यालयबाट सम्पादन गर्नुपर्ने कामहरुलाई शिघ्र,सहज, सरल र प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनमा भएको व्यवस्था तथा यस पूर्वका गाउँ सभा र कार्यपालिकाको बैठकबाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजित अधिकारको प्रयोग गरी सम्पादन गरिएका काम कारवाही र सो सँग सम्बन्धित कार्य प्रक्रिया तथा भुक्तानीसँग सम्बन्धित सबै कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ख) गाउँ सभा तथा गाउँ कार्यपालिकाको वैठकको निर्णयबाट स्वीकृत गरिएका योजना तथा कार्यक्रमहरु सञ्चालन व्यवस्थापन र कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न कारणले गर्दा संशोधन सहित गरिएको कार्य प्रक्रिया तथा भुक्तानी समेतको प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग) चालु आ.व. २०७७/०७८ को अवधिमा गाउँपालिका कार्यालयको कार्य सम्पादनको सिलसिलामा विभिन्न अवस्थामा विभिन्न सरोकारवाला पक्षहरुलाई उपलब्ध गराइएको आर्थिक सहयोग, भैपरी आउने रकम, खर्चको मापदण्ड वा अनुदान रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ) गाउँपालिका कार्यालयबाट कार्यालय सञ्चालन र व्यवस्थापन अन्तर्गत भए गरेका विभिन्न किसिमका खरिद प्रक्रिया तथा भुक्तानीका कार्य प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ङ) गाउँपालिका कार्यालयसँग सम्बन्धित काममा आउने अतिथिहरुको व्यवस्थापन गर्न तथा कार्यालयको आफ्नै कार्य सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न कार्य प्रयोजनार्थ विभिन्न मितिमा विविध शिर्षकबाट व्ययभार हुने गरी खर्च लेखी भुक्तानी दिएको रकम तथा सो को कार्य प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

च) कोरोना तथा प्रकोप व्यवस्थापनको लागि गाउँपालिका कार्यालयमा रहेको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा हालसम्म प्राप्त हुन आएको निम्नानुसारको नगद तथा जिन्सी आम्दानी तथा कोषबाट व्ययभार हुने गरी नियमानुसार खर्च गरिएको सबै रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| अ) सिद्धार्थ बैंक लि. देवघाट शाखा | - रु. २,००,०००/- |
| आ) तारा प्रसाद सापकोटा | - रु. १०,०००/- |
| इ) हेफर प्रोजेक्ट नेपाल | - रु. १५,००,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

छ) देवघाट गाउँपालिकाको राजश्व परामर्श समितिबाट तोकिएबमोजिम गरेका कामकारवाही तथा निर्णय प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ज) गाउँपालिका कार्यालयबाट तोकिएबमोजिम हुने गरी तथा विशेष अवस्था र परिस्थितिमा अत्यावश्यक र जरुरी भई विभिन्न व्यक्ति, निकायबाट पेश हुन आएका आर्थिक सहायताका निवेदन उपर आवश्यक कार्य प्रक्रिया अपनाई भुक्तानी गरिएका सबै रकमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

झ) गाउँपालिका कार्यालय, वडा कार्यालय तथा अन्तर्गतका कार्यालय, निकाय, संघ संस्था संचालन र व्यवस्थापनको लागि भए गरेका कार्यप्रक्रिया र सो सँग सम्बन्धित खर्च भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ञ) डिपिआर तयारी, अध्ययन प्रतिवेदन तथा अन्य परामर्श सेवा अन्तर्गत भए गरेका कार्यप्रक्रिया र सो वापत खर्च भएको भुक्तानी रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ट) वार्षिक स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्ने सिलसिलामा मागमा आधारित तथा आवश्यकता र औचित्यता एवम् पूर्णता समेतलाई मध्यनजर गरी स्वीकृत भइसकेको कार्यक्रम अन्तर्गतको कार्य सम्पन्न गर्नको लागि गरिएको संसोधन सहितको लगत स्टीमेट, सम्झौता र भुक्तानी लगायतका सबै कार्य प्रक्रियालाई नियमित र अनुमोदन गर्ने निर्णय गरियो ।

ठ) गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को लागि स्वीकृत गरिएका चालु तथा पूँजिगत शिर्षक अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न, कार्यालयको आन्तरिक सञ्चालन र व्यवस्थापनको लागि, अस्पताल वा स्वास्थ्य चौकी सञ्चालन र व्यवस्थापन र औषधि तथा औषधिजन्य सामाग्री खरिद तथा अन्तर्गतका कार्यालय, निकाय र संघ संस्थाको लागि विनियोजित रकमबाट सार्वजनिक खरिद इकाइको निर्णय वा अन्य प्रक्रियाबाट तोकिए बमोजिम गरी खरिद गरिएका काम कारवाही र सो को भुक्तानी सम्बन्धी सबै कामको अनुमोदन गर्ने निर्णय गरियो ।

ड) आर्थिक वर्ष २०७७।०७८ को अवधिमा भैपरी रुपमा आएका मागमा आधारित तथा अत्यावश्यक भइ सञ्चालन र कार्यान्वयन अन्तर्गत भए गरेका पछिल्लो निर्णयबाट थप भएका नयाँ तथा संसोधन गरिएका योजना तथा कार्यक्रम र सो वापत गरिएको भुक्तानी लगायतका सबै कामकारवाहीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ढ) गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका विभिन्न कार्यालय, निकायको दैनिक प्रशासनिक कार्य सञ्चालन, कार्यालयको आन्तरिक कार्य सञ्चालन, तथा नागरिक सेवा प्रवाहको लागि विभिन्न मितिमा विभिन्न पदमा वा जिम्मेवारी वहन गर्नको लागि तोकिए बमोजिमको कार्य प्रक्रियाको अवलम्बन गरी कर्मचारी पदपुर्ति सम्बन्धी सबै कार्य प्रक्रिया र छनौट तथा नियुक्ति लगायतका कामकारवाहीलाई नियमित तथा अनुमोदन गर्ने निर्णय गरियो।

५. आ.व. २०७८/०७९ को लागि गा.पा.बाट तयार गरिएको निर्माण सामाग्रीको स्थानीय दररेट स्वीकृत गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

६. गत आ.व. को छैठौं गाउँसभाबाट स्वीकृत देवघाट गाउँपालिकाको संस्थागत संरचना तथा कर्मचारी दरबन्दी O & M बमोजिम करार सेवामा कार्यरत कर्मचारीलाई निरन्तरता दिने तथा नेपाल सरकारबाट आथिक वर्ष २०७८/०७९ को लागि स्वीकृत गरी लागू गरे बमोजिमको मासिक तलबमान, भत्ता लगायतका सेवा सुविधाहरु उपलब्ध गराउनका लागि पेश निर्णय गरियो ।

७. संघीय सरकार तथा विभिन्न आयोजना/कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम तथा कर्मचारी व्यवस्थापनमा (पदपूर्ति) भएका निर्णय तथा करार सम्झौता स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

८. मालपोत कार्यालय तनहुँको च.नं. १११७६ मिति २०७८/०२/२३ गतेको पत्र बमोजिम आ.व. २०७७/०७८ को लागि माग भई आएको प्रशासनिक तथा मसलन्द खर्चका लागि अनुदान बापत रकम रु. ५०,०००.०० (अक्षेरुपी पचास हजार रुपैया मात्र) उपलब्ध गराउन पेश गर्ने निर्णय गरियो ।

९. देवघाट गाउँपालिकाको स्थानीय न्यायिक समितिबाट आर्थिक वर्ष २०७७/०७८ को अवधिमा गरिएका कामकारवाही, कार्य प्रक्रिया सहितका सबै निर्णयहरुलाई अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

१०. सामुदायिक विद्यालयका शिक्षकहरुको सेवा सुविधा तथा तलवमान सम्बन्धमा नेपाल सरकारबाट आथिक वर्ष २०७८/०७९ को लागि स्वीकृत गरी लागू गरे बमोजिमको मासिक तलबमान, भत्ता लगायतका सेवा सुविधाहरु उपलब्ध गराउन गाउँ सभाबाट निर्णय गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

११. सामुदायिक विद्यालयमा कार्यरत बाल विकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले उपलब्ध गराउने पारिश्रमिकमा तपशिल बमोजिम रकम थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | थप रकम | कैफियत |
|---|---|---|---|
| १ | मा.वि. तह लेखापाल | १,५००/- | |
| २ | कक्षा १२ उत्तिर्ण सहजकर्ता | ५,०००/- | |
| ३ | एस.एल.सि. उत्तिर्ण सहजकर्ता | ३,०००/- | |
| ४ | कक्षा ८ उत्तिर्ण सहजकर्ता | २,०००/- | |
| ५ | विद्यालय सहयोगी (सबै तह) | २,०००/- | |

१२. गाउँपालिका अन्तर्गत रहेका बाल विकास केन्द्रहरुका लागि गाउँपालिकाबाट नियुक्त भएका सहजकर्ताहरुको सेवालाई निरन्तरता तथा तलवमान तपशिल बमोजिम कायम गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | थप रकम | कैफियत |
|---|---|---|---|
| १ | कक्षा १२ उत्तिर्ण सहजकर्ता | ५,०००/- | |
| २ | एस.एल.सि. उत्तिर्ण सहजकर्ता | ३,०००/- | |
| ३ | कक्षा ८ उत्तिर्ण सहजकर्ता | २,०००/- | |

१३. हावा हुरी तथा चट्याङ्गबाट क्षति भएका तपशिल बमिजमका व्यक्ति तथा संस्थाको निवेदन, प्रहरी मुचुल्का तथा वडा सिफारिसको आधारमा उपलब्ध गराइएको आर्थिक सहयोग अनुमोदन गर्ने निर्णय गरियो ।

क) देवघाट एफ.एम., देवघाट – ५ तनहुँ - रु. १५,०००/-

ख) बल बहादुर रोकिम मगर, देवघाट – २ तनहुँ - रु. १०,०००/-

१४. देवघाट गाउँपालिका कार्यालयको कार्य सम्पादनको लागि आवश्यक पर्ने निम्न विषयमा अध्ययन प्रतिवेदन तयार गर्न विभिन्न परामर्शदाताहरु छनौट भई गरिएको सम्झौता अनुसार सम्बन्धित फर्म संस्थाबाट तयार गरी पेश हुन आएका देहाय बमोजिमको विवरण भएका अध्ययन प्रतिवेदनहरुलाई

स्वीकृत गरी कार्यान्वयनमा ल्याउन तथा भुक्तानी कार्य प्रक्रिया अनुमोदनका लागि देहाय बमोजिमका विषय-वस्तुहरु गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | अध्ययन प्रतिवेदनको विषय/क्षेत्र | परामर्शदाता संस्थाको नाम र ठेगाना | सेवा खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक परीक्षण | गैर सरकारी संस्था समन्वय समिति तनहुँ | १,९७,७५०.०० | |
| २ | गाउँपालिकाको समग्र विकास योजना एवं गतिविधि तथा पर्यटन प्रवर्द्धन तथा गाउँपालिकाको विद्यमान अवस्था, चुनौती, अवसर, उपलब्धी एवं पर्यटकीय गन्तव्यहरु लगायतका अन्य सम्पूर्ण गतिविधिहरु समावेश गरी वृत्तचित्र निर्माण | बि एण्ड बि मिडिया ब्रोडकास्टिङ्ग प्रा.लि., दमौली, तनहुँ | ४,८३,०६१.२७ | |
| ३ | गाउँपालिकाको राजश्व सुधार योजना निर्माण गर्नको लागि (आन्तरिक राजश्व सम्भाव्यता अध्ययन गर्न) | स्पीड सोलुसन नेपाल प्रा.लि., तनहुँ । | ३,९२,६४७.०० | |
| ४ | देवघाट आधारभूत अस्पताल | एन.के.ए. ईन्जिनियरिङ्ग कन्सल्ट, काठमाडौं | १२,७०,१२०.०० | |
| ५ | घण्टाचुली पर्यटन क्षेत्र विकास कार्यक्रम | अर्किड प्लानर्स, भरतपुर, चितवन | ४,९३,८९०.०० | |
| ६ | चक्रवर्ती सामुदायिक ग्रिन पार्क (ल्याण्डफिल साईट परिसर) | यव युम विल्डर्स प्रा.लि., भरतपुर, चितवन | ४,९४,९४०.०० | |
| ७ | आवधिक योजना निर्माण | जार्सा ईन्जिनिरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाडौं | १७,२१,५५५.०० | |

१५. जिल्ला समन्वय समितिको कार्यालय तनहुँले आ.व. २०७७/०७८ का लागि माग भई आएको नदीजन्य अनुगमन तथा व्यवस्थापनमा खर्च अनुदान बापत चालु आ.व. मा ठेक्का लागि प्राप्त हुन आएको रकम रु. ५५,२१,१९०/- को १% ले हुन आउने रकम रु. ५५,२१२/- (अक्षेरुपी पचपन्न हजार दुई सय बाह्र रुपैया मात्र) उपलब्ध गराउन पेश गर्ने निर्णय गरियो ।

१६. हाल सम्ममा निम्नानुसारका विवरण भएको आन्तरिक आय (राजश्व) तर्फ रु. १,६३,२६,५१९.५३ र नदीजन्य पदार्थ उत्खनन संकलन तथा व्यवस्थापनतर्फ रु. ५५,२१,१९०.०० गरी जम्मा रकम रु. २,१८,४७,७१०.१८ राजश्व संकलन भएकोमा राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारमा पठाइएको रकम रु. १८,४१,४६५.०८ (अक्षेरुपी अठार लाख एकचालिस हजार चार सय पैंसट्ठी रुपैया मात्र) अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

१७. गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम योजना रा बजेट पुस्तिकाको अनुसुची – ६ को सि.नं. १३३ को संघ संस्थासँग आयोजना कार्यक्रममा लागत साझेदारी सहकार्य गर्ने कार्यक्रममा विनियोजित रकम रु. ५३,००,०००/- बाट व्ययभार हुने गरी निम्नानुसारको संघ-संस्था/सहकारीसँग देहायका कार्यक्रम सञ्चालनको लागि गरिएका कार्य प्रक्रिया सहित सम्झौता र कार्य सम्पन्नको आधारमा भुक्तानी गरिएको तपशिलको खर्च विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | कार्यक्रमको नाम | साझेदारी रकम | | | कार्यक्षेत्र (वडा) | पेश्की/भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | गा.पा. | संस्था | जम्मा | | | |
| १ | दक्षिण क्षेत्र दिगो विकास कृषि सहकारी संस्था | सहकारीता | १६,००,०००/- | ३,२०,०००/- | १९,२०,०००/- | २ र ३ | ८,००,०००/- | |
| २ | हेफर प्रोजेक्ट नेपाल | कृषि तथा पशु विकास उद्यमशिलता | ५०,००,००००/- | १५,४७,५००/- | ६५,४७,५००/- | ५ वटै | २५,००,०००/- | पेश्की |
| ३ | बहुआयामिक स्रोत केन्द्र नेपाल | अर्गानिक मोडेल/ वातावरणमैत्री कृषि कार्यक्रम | १४,००,०००/- | ३,७२,०००/- | १७,७२,०००/- | १, ४ र ५ | १४,००,०००/- | |

१८. गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि विभिन्न अनुदान शिर्षक अन्तर्गत स्वीकृत भएका देहाय बमोजिमको विवरण भएका योजना तथा कार्यक्रम सञ्चालन गर्दाको कार्य प्रक्रिया सहितको निम्नानुसारको खर्च भएको/भुक्तानी गरिएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | कार्यक्रम सञ्चालन क्षेत्र | कार्यक्रम कार्यान्वयन सम्झौता पक्ष | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषक दर्ता व्यवस्थापन | ३,००,०००/- | ५ वटै वडाहरु | शिवगौरी एकिकृत कृषि फर्म, देवघाट – ५ | ३,००,०००/- | |
| २ | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम (प्राङ्गरिक खेती सम्बन्धि संघसंस्थाहरुको सहकार्यमा) | १५,००,०००/- | देवघाट – १ कोटा | एकिकृत कृषि नमूना केन्द्र प्रा.लि. | १२,५७,८८८/- | |

१९. आ.व. २०७७/०७८ को संघीय सरकारको सशर्त अनुदान अन्तर्गत विनियोजित रकम रु. ३ लाख योजना अन्तर्गत यस गा.पा.का विद्युतिकरण नपुगेका तथा विपन्न समुदायका ६ घर परिवार तथा संस्थागत प्रणाली अन्तर्गत १ वटा शौर्य उर्जा प्रणाली जडान कार्यक्रम वैकल्पिक उर्जा केन्द्र तथा यस गा.पा. सूचिकृत त्रिमुर्ति इनर्जी प्रा.लि. दमौली, तनहुँ मार्फत कार्यान्वयन गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।

२०. देवघाट गाउँपालिकाबाट स्वीकृत भएको नदीजन्य प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए अनुसारका विभिन्न क्षेत्रका खोला र नदी स्थित घाट वगरमा मौज्दातमा रहेको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, संकलन तथा ओसार पसार गर्नको लागि चालु आ.व. २०७७/०७८ मा आन्तरिक आय संकलन गर्ने उद्देश्यले ठेक्का व्यवस्थापन अन्तर्गत विभिन्न मितिमा गरिएका कार्यपालिकाहरुको निर्णय बमोजिम कार्यान्वयनको सम्बन्धमा भए गरेका सबै बोलपत्र/शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन, मूल्यांकन, ठेक्का सम्झौता, कार्यादेशको म्याद थप लगायतका सबै कार्य प्रक्रियाहरु तथा सो बापत कार्यालयमा दाखिला भएको राजश्व रकमलाई समेत स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

नरहरि ... कोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

२१. आ.व. २०७७/०७८ मा सञ्चालित योजना तथा कार्यक्रमको नियमानुसार भुक्तानी बाँकीमा राखेका योजना तथा कार्यक्रमहरुको वजेट स्वीकृत गराई भुक्तानी दिनका लागि पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बटौले खानेपानी योजना | १८५,९२८.३८ | |
| २ | देउतीखोला/कालीगण्डकी लिफ्टिङ्ग उपभोक्ता समिति | १,०००,०००.०० | |
| ३ | सेती भतेरी लिफ्टिङ्ग खानेपानी | १४५,५००.०० | |
| ४ | झारखानी लिफ्टिङ्ग सिंचाई योजना | १,५००,०००.०० | |
| ५ | अल्पसंख्यक तथा पिछडा वर्ग संजाल संस्था समिति | ५४,०००.०० | |
| ६ | पूर्व मातृभूमि सामाग्री वितरण (अमेरिकी फौजी किरा नियन्त्रण) | २३२,४००.०० | |
| ७ | अम्बर बहादुर थापा (कोभिड – १९ तर्फको) | ५९,४४१.०० | |
| ८ | मोहन बहादुर थापालाई (वातावरण शुल्क उठाए बातपको सम्झौता अनुसारको रकम) | ४४,२०५.०० | |
| ९ | आमडाँडा टोल विकास संस्थालाई कोभिड नियन्त्रणको खाजा खर्च बातपको रकम | ९,०००.०० | |
| १० | इकोनोमि मिडिया प्रा.लि. | १४५,२२७.७० | |
| ११ | नेपाल रेडक्रस सोसाइटी (कोभिड तर्फ) | ७४,८३३.९९ | |
| १२ | प्रेम बहादुर गुरुङ (कोभिड नियन्त्रण खाजा खर्च) | १३,८००.०० | |
| १३ | आत्माराम पाण्डे ( कोभिड नियन्त्रण खाजा खर्च) | १८,०००.०० | |
| १४ | प्रदिप कुमार बुढाथोकी (गाउँ सभा सञ्चालन खर्च बापतको रकम भुक्तानी) | १४१,९८०.०० | |
| १५ | पूर्ण सिं गुरुङ (कोभिड-१९ तर्फको) | ६,०००.०० | |
| १६ | सुमन गुरुङ (कोभिड-१९ तर्फको) | ६,०००.०० | |
| १७ | ना.सु. दुर्ग बहादर राना (वैठक/अनुमगन खर्च बातपको रकम) | ७४,०००.०० | |
| १८ | कार्यपालिकाको वैठक भत्ता बापतको रकम | ९९,०००.०० | |
| १९ | ना.सु. दुर्ग बहादुर राना (वैठक/अनुगमन खर्च बापतको रकम) | ६७,०००.०० | |
| २० | नदी घाटहरुको अनुगमन तथा वैठक बातपको रकम | १२७,५००.०० | |
| २१ | कछार क्षेत्र निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (वडा नं. ३ को एकमुष्ठ बाटो निर्माण) | ४७०,६४३.५९ | |
| २२ | सानोभञ्ज्याङ्ग देखी खाल्टे बाटो मर्मत बापतको रकम | १५६,०३७.४१ | |
| २३ | चितवन पोष्ट प्रकाशन प्रा.लि. | ३,३९०.०० | |
| २४ | रातमाटे सुन्दरवस्ती टोल विकास संस्था | २००,०००.०० | |
| २५ | देवघाट सेवा केन्द्र | ५०,०००.०० | |
| २६ | एलर्ट साप्ताहिक | ७,०००.०० | |
| २७ | देवघाट सन्देश | ६,०००.०० | |

| क्र.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| २८ | दासढुङ्गा पुल मुखमा पर्खाल निर्माण बापतको रकम | ५००,०००.०० | |
| २९ | शैक्षिक क्यालेन्डर | ७९,६६५.०० | |
| ३० | विद्यालय अनुगमन बापतको खर्च | ४८,०००.०० | |
| ३१ | मसलन्द सामान खरिद | ७७,२०१.०० | |
| ३२ | जय गोरखकाली (ईन्धन) | १६५,९४१.७८ | |
| ३३ | गाडी भाडा | २५,०००.०० | |
| ३४ | वडा नं. १ हाटबजार उद्घाटन | ४५,०००.०० | |
| ३५ | देवघाट खाजा घर | २१,०२५.०० | |
| ३६ | भण्डारी खाजा घर | ९८,६३५.०० | |
| ३७ | फरफारक समिति वैठक भत्ता | ३६०,०००.०० | |
| ३८ | योजना अनुगमन भत्ता | ३०,०००.०० | |
| ३९ | आ.व. २०७७/०७८ को लागि सुरक्षित नागरिस आवास कार्यक्रम अन्तर्गत अविरल वर्षाबाट घर क्षती भएका घरधनीहरुको कार्यवदिधि अनुसार गाउँपालिकाले व्ययभार गर्नुपर्ने रकम | ७२०,०००.०० | |
| ४० | लिची पकेट कार्यक्रम | ५००,०००.०० | |
| ४१ | श्री राष्ट्रिय आ.वि. को झ्याल, ढोका निर्माण जडा न आंशिक भुक्तानी बाँकी | १४१,७८८.५३ | |
| ४३ | एस.आर. निर्माण सेवालाई छरछरे महोत्सवमा बाटो मर्मत बापतको भुक्तानी (२०७७ फाल्गुन) | ५०,०००.०० | |
| ४४ | देवपुर-साँढेबगर मार्ग मर्मत/स्तरोन्नती गरेको भुक्तानी | २००,०००.०० | |
| ४५ | ३ नं वडा कार्यालय ट्रष्ट छाना उडाएको मर्मत कार्य (दैवी प्रकोप) (खगेन्द्र शर्मा) | ५०,०००.०० | |
| ४६ | खाल्टे रंगशाला निर्माणको बाँकी भुक्तानी (खगेन्द्र शर्मा) | २००,०००.०० | |

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष